# विश्व न्याय गृह

रिज्वान २०१६

संसारभरका बहाईहरुको निम्ति

अति प्रिय मित्रहरू,

चाडपर्वहरुको राजाको रुपमा रहेको रिज्वानको आगमनसाथै अर्को विश्वव्यापी योजनाको निम्ति तयारी गर्ने समय सकिएको छः हामी अब ईश्वरका मित्रहरुलाई हिम्मत, दृढता र संसाधनहरुको एक नयाँ पाँच बर्षे प्रतिबद्धताको लागि आव्हान गर्दछौं ।

बहाउल्लाहका विश्वासिलाहरुको दल तयारी अवस्थामा रहेकोछ । हालका महिनाहरुमा संसारभर आयोजना गरिएका संस्थागत भेलाहरुले यो शक्तिशाली साहसिक कार्य (उद्यम) शुरु गर्ने उत्सुकताका लगातार संकेतहरु पठाएका छन् । सल्लाहकारहरुको सम्मेलनलाई सम्बोधित गरिएको संदेशमा निहित आवश्यकताहरु (आदेशकहरु) लाई कार्यको निश्चित योजनाहरुमा रुपान्तरित गरिंदैछ । कयौं दशकहरुको वीरतापूर्ण प्रयत्नले समुदायलाई आकार दिएको छ र यो अवसरको लागि यसलाई सशक्त बनाउँदै वृद्धिलाई अगाडि बढाउने प्रमाणित योग्यताको केही मात्रा आर्जन गरेको छ । खासगरी विगतका दुई दशकहरुले यो अति वान्छित दक्षताको उत्थानलाई स्पष्ट रुपले अगाडि बढाएका छन् ।

यस अवधिभर कार्यको निम्ति एउटा विकसित हुँदै गहिरहेको ढाँचा (संरचना) ग्रहण गर्नाले मित्रहरुलाई शुरुमा सेवाको साधारण क्रियाकलापहरुलाई बढाउदै कार्यको ज्यादै विस्तृत ढाँचाहरुसम्म पुऱ्याउनको लागि आवश्यक क्षमताहरुको निरन्तर रुपबाट पोषण र परिमार्जन गर्न सक्षम बनाएको छ, जसले अझ ज्यादै जटील क्षमताहरुको विकासको माग गऱ्यो । यस प्रकारले मानवीय संसाधन विकास र समुदाय निर्माणको एउटा क्रमबद्ध प्रक्रिया हजारौं क्लस्टरहरुमा शुरु भएकोछ र यिनीहरु धेरैमा ज्यादै विकशित भएको छ । यसको ध्यान केवल पूर्णरुपले प्रभुधर्मका व्यक्ति अनुयायी वा समुदाय वा संस्थाहरुमाथि छैन; नयाँ विश्व व्यवस्थाको क्रमिक विकासका यी तीनै अभिभाज्य सहभागीहरुलाई दैवीय योजनाको प्रकटीकरणबाट प्रवाहित भएका आध्यात्मिक शक्तिहरुद्वारा उत्प्रेरित (प्रोत्साहित) गरिंदैछ । उनीहरुको प्रगतिका चिन्हहरु ज्यादा भन्दा ज्यादा स्पष्ट छन्: बहाउल्लाहको जीवनका गाथाहरु अरुलाई बाँड्ने र वहाँको प्रकटीकरण र अतुलनीय संविधाका आशयहरु छलफल गर्ने कयौं अनुयायीहरुले हासिल गरेका दृढ विश्वासमा; परिणामस्वरुप वहाँको एकीकरण गर्ने परिकल्पना हासिल गर्नको लागि योगदान गरिरहेका वहाँको धर्मप्रति आकर्षित आत्माहरुको बढ्दो जमातहरुमा; समुदायको तल्लो तहमा चरित्र परिवर्तन र सामाजिक अस्तित्वलाई आकार दिन सक्ने एउटा प्रक्रियाबारे आफ्नो अनुभव स्पष्ट भाषामा वर्णन गर्न सक्ने बहाई र उनीहरुका मित्रहरुको क्षमतामा; बहाई संस्था र निकायहरुका सदस्यहरुको हैसियतले हाल आफ्ना समुदायहरुको मामिलाहरुलाई मार्गनिर्देशन गरिरहेका कुनैपनि देशका त्यस्ता जनजातिको उल्लेखनीय ठूलो संख्याहरुमा; प्रभुधर्मको प्रगतिलाई दिगो बनाउन अति आवश्यक कोषको लागि दिइने भरपर्दो, उदार र त्यागपूर्ण दानमा; समुदाय निर्माण क्रियाकलापहरुको सहयोगको लागि गरिने व्यक्तिगत प्रयास र सामूहिक कार्यको अभूतपूर्व प्रस्फुटनमा; विषेशगरी कनिष्ठ पुस्ताहरुलाई आध्यात्मिक शिक्षा उपलब्ध गराएर यस महत्वपूर्ण कार्यमा प्रचुर शक्ति ल्याइरहेका उत्कृष्ट युवा अवस्थामा रहेका कयौं निस्वार्थी आत्माहरुको उत्साहमा; आराधनाको लागि हुने नियमित भेलाहरुको माध्यमबाट समुदायको भक्तिपरक चरित्रको अभिवृद्धिमा; बहाई प्रशासनको सबै तहहरुका क्षमताको वृद्धिमा; प्रक्रियागत हिसाबले सोच्ने, उनीहरु आफू बसेका स्थानहरुको तत्कालिन वास्तविकता बुझ्ने र साधनहरुको मूल्याङ्कन गर्ने, र त्यसकै आधारमा योजनाहरु बनाउने संस्था, निकाय र व्यक्तिहरुको तत्परतामा; सिकाइको अन्त:प्रेरणात्मक स्थिति सम्बर्द्धन गरिसकेको अहिलेको सुपरिचित गतिशील अध्ययन, परामर्श, कार्य र

चिन्तनमननमा; सामाजिक कार्य मार्फत शिक्षणहरुलाई प्रभावशाली बनाउने कार्यको बढ्दो प्रशंसामा; समाजका विद्यमान वार्ताहरुमा बहाई धारण प्रस्तुत गर्न प्राप्त भइरहेका बढ्दो अवसरहरुमा; प्रभुधर्ममा अन्तर्निहित समाज निर्माण शक्तिलाई स्पष्ट पारेर आफ्ना सबै प्रयासहरुमा दैवीय सभ्याताको प्रार्दुर्भावलाई आतुरताकासाथ अगाडि बढाइरहेको विश्व समुदायको चेतनामा; वास्तवमा आफ्ना प्रयासहरुबाट भित्री परिवर्तनलाई अगाडि बढाउने, एकताको दायरा ठूलो पार्ने, सेवाको क्षेत्रमा अरुसंग सहकार्य गर्ने, जनमानसलाई उनीहरुको आफ्नो आध्यात्मिक, सामाजिक र आर्थिक विकासलाई आफ्नो नियन्त्रणमा राख्न मद्दत गर्ने मित्रहरुको बढ्दो चेतनामा; र यी सबै प्रयत्नहरु मार्फत विश्वको कल्याण गर्ने कामले धर्मको मुख्य उद्देश्य व्यक्त गर्दछ।

कुनै एउटा सिंगो प्रयासले सम्पूर्ण बहाई समुदायको प्रगतिलाई समेट्न नसक्ने हुँदा वृद्धिको कार्यक्रम स्थापना भइसकेको विश्वभरका क्लस्टरहरुको संख्याबाट धेरै कुराहरु अनुमान लगाउन सकिन्छ, जुन आभा सौन्दर्यद्वारा प्रदत्त अनुग्रहहरुप्रति कृतज्ञता टक्र्याउँदै ५,००० नाघिसकेको हामी पुष्टि गर्दछौं। हरेक क्लस्टरमा शुरु भएका वृद्धिको प्रक्रियालाई सशक्त बनाउँदै र सामुदायिक जीवनको एउटा समृद्ध ढाँचालाई अझ विस्तार गर्दै यस्तो फराकिलो जग त्यस्तो कामको पूर्वाधार थियो जसले अहिले बहाई जगतको सामना गर्दछ। आवश्यक हुने दिगो प्रयास कठीन हुनेछ। तर नतिजाले ज्यादै महत्वपूर्ण हुने संभावना बोकेको छ, अझ भन्ने हो भने युगारम्भ गर्ने खालको रहेकोछ। यदि नियमित र शिघ्र छन् भने साना पाइलाहरुले निकै ठूलो दूरीको यात्रा तय गर्दछ। कुनैपनि क्लस्टरमा शुरुको समय, जस्तै २०० औं वार्षिकोत्सवहरुमध्ये पहिलो वार्षिकोत्सव अगाडिका चक्रहरुमा हासिल गर्नैपर्ने प्रगतिमाथि जोड दिएर मित्रहरुले पूरै पाँच वर्षको निम्ति राखिएको आफ्नो लक्ष्यलाई पँहुच भित्र ल्याउन धेरै नै काम गर्नेछन्। प्रत्येक चक्रमा अगाडि फड्को मार्ने क्षणभरका अवसरहरु रहेका हुन्छन्, यस्ता बहुमूल्य संभावनाहरु जो फेरि आउँदैनन्।

समग्र समाजमा दुर्भाग्यबस गहिरिँदै गइरहेको आत्माको अस्वस्थता (बेचैनी) का लक्षणहरु गुणात्मकरुपले बढ्नुका साथै झन् खराब हुँदैछन्। कति आश्चर्यजनक छ कि संसारका मानिसहरुले सच्चा औषधिको लागि दुःख झेल्दा र एकपछि अर्को गरी झुठो आशाको अनियमित रुपबाट पछि लाग्दा तपाईंहरुले सामूहिक रुपबाट एउटा यस्तो औजारको परिमार्जन गर्दै हुनुहुन्छ जसले ईश्वरको सनातन वाणीसंग हृदयहरुलाई जोड्छ। कति आश्चर्यजनक छ कि जताततै अति क्रुर भइरहेको सीमित विचार र परस्पर विरोधी स्वार्थहरुको कर्कश स्वरको बीच तपाईंहरु त्यस्ता समुदायहरु बनाउन मानिसहरुलाई एकअर्का नजिक ल्याउने काममा केन्द्रित हुनुहुन्छ जुन एकताका स्वर्गहरु हुन्। तपाईंहरुलाई निरुस्साहित गर्नुको सट्टा तपाईंका वरिपरी रहेका आत्माहरुलाई केवल तपाईंले मात्र दिनसक्ने रोगनिवारक औषधि कति अत्यावश्यक छ भन्ने कुरालाई यो संसारको पक्षपात र वैमनस्यहरुले स्मरण गरावस्।

लगातार चलेका पाँच वर्षे योजनाहरुको श्रृंखलामा यो सबभन्दा पछिल्लो हो। यसको अन्तमा दैवीय योजनाको विकासमा एउटा नयाँ चरण शुरु हुनेछ जो बहाई युगको तेश्रो शताब्दीतर्फ बहाउल्लाहका समुदायलाई अगाडि बढाउन तयार हुन्छ। प्रत्येक देशको ईश्वरका मित्रहरुले अगाडिका यी केही वर्षहरुका प्रतिज्ञाहरुको प्रशंसा गरुन्, जुन पछि आउने अझ शक्तिशाली कार्यहरुको निम्ति कठोर तयारी हुनेछ। वर्तमान योजनाको वृहत कार्यक्षेत्रले प्रत्येक व्यक्तिलाई आफ्नो जतिसुकै सानो योगदान भएतापनि यो कार्यको लागि सहायता गर्न योग्य बनाउँदछ। दैवीय योजनालाई यस्को अर्को अत्यावश्यक चरणसम्म पुऱ्याउन आफूले सिकेका सम्पूर्ण कुरा र आफ्ना ईश्वर प्रदत्त क्षमता र सीपको प्रयोग गर्न कुनै कसर नराख्न हामी तपाईं सबै उत्साहित सहकर्मी र वहाँ, जो संसारको अति प्रिय हुनुहुन्छ, का प्रशंसकहरुलाई आव्हान गर्दछौं। यस सर्वव्यापी प्रभुधर्मकोलागि परिश्रम गर्ने सबैको तर्फबाट दैवीय सहायताको निम्ति पवित्र समाधिहरुमा तपाईंहरुले चढाउनुभएको उत्कट प्रार्थनाहरुमा हामी आफ्ना प्रार्थनाहरु थप्छौं।

**विश्व न्याय गृह**